आज मिति २०८१ साल कात्तिक २९ गते बिहिबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८१/०८२ को चौथो बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति:

१. श्री आनन्दराज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री दिबाकर पौडेल - प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री बिमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री बिन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य उपस्थिति:

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री अमृता बस्नेत (वरिष्ठ प्रशासन सहायक)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०७/२९ गते बसेको आ.व.२०८१/०८२ को चौथो बैठकका निर्णयहरु:

**निर्णय नं.१** भानु नगरकार्यपालिकाको मिति २०८१/०६/१३ गते बसेको आ.व.२०८१/०८२ को तेस्रो कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ७ वटा निर्णयहरु भएकोमा ६ वटा निर्णय कार्यान्वयन भएको र निर्णय नं. ७ मात्र कार्यान्वयनको चरणमा रहेको पाइयो ।

**निर्णय नं.२** आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन तथा सञ्चालन ऐन, २०८१ दफा ५ अनुसार तपसिल बमोजिमको आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

- नेपाली भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका वा सामाजिक क्षेत्रको नेतृत्वदायी भूमिका निर्वाह गरेको व्यक्तिहरु मध्येबाट अध्यक्षः

  अध्यक्ष - श्री रामकुमार श्रेष्ठ, भानु न.पा.४

- नेपाली भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान दिएका गण्डकी क्षेत्रका व्यक्तिहरु मध्येबाट कम्तिमा २ जना महिला सहित पाँच जनाः

  १. सदस्य - श्री नारायणी अधिकारी
  २. सदस्य - श्री अन्जना न्यौपाने
  ३. सदस्य - श्री आकाश अधिकारी
  ४. सदस्य - श्री विष्णु प्रसाद आचार्य
  ५. सदस्य - श्री दिवाकर घिमिरे

- जुनसुकै स्थानमा रही नेपाली भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा विशिष्ट योगदान दिएका कम्तिमा एक जना महिला सहित ३ जनाः

  १. सदस्य - श्री प्रभा भट्टराई (आचार्य)
  २. सदस्य - श्री डा. प्रकाश तिवारी
  ३. सदस्य - श्री पदम तिमिल्सिना

- भानुभक्त आचार्य तथा नेपाली साहित्यलाई स्वदेश तथा विदेशमा चिनाउनमा योगदान दिएका स्वदेशी वा विदेशी अनुसन्धानकर्ता, साहित्यकार, सर्जक, संस्कृतिकर्मी, ईतिहासविद् वा पुरातत्वविदहरु मध्येबाट १ जना

  १. सदस्य - श्री नारायण बोहोरा

आनन्द राज त्रिपाठी
प्रमुख

➢ स्थानीय तहमा विकास निर्माण तथा सम्पदा संरक्षणका क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरेका व्यक्तिहरु मध्येबाट २ जनाः

१. सदस्य - श्री आशा थापा (निवर्तमान उपप्रमुख)

२. सदस्य - श्री पूर्ण वहादुर लौडारी (निवर्तमान ४ नं. वडाध्यक्ष)

<u>निर्णय नं.३</u> आदिकवि भानुभक्त जन्मस्थल विकास समितिलाई दिशा निर्देश गर्न आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन तथा सञ्चालन ऐन, २०८१ दफा ४(१)को ड र ढ बमोजिम देहायको सदस्यहरु मनोनित गर्ने निर्णय गरियो ।

➢ आदिकवि भानुभक्त जन्मस्थलको विकास तथा भानुभक्तको योगदानलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा विस्तार गर्न योगदान दिएका प्रमुख संस्थाका प्रतिनिधि २ जनाः

१. सदस्य - श्री प्रेमराजा महत (अमेरिका)

२. सदस्य - श्री आलोक श्री

➢ तनहुँ जिल्लाका नेपाली भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा विशिष्ट योगदान दिएका व्यक्तिहरु मध्येबाट २ जनाः

१. सदस्य - श्री रविन्द्र खड्का

२. सदस्य - श्री मोहन निरौला

<u>निर्णय नं.४</u> विभिन्न कार्यविधिका सम्बन्धमाः

क) उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०८१ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

ख) भुमि बैंक कार्यक्रम कार्यविधि, २०८१ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

ग) भानु नगरपालिकाको हाटबजार स्थापना तथा सञ्चालन कार्यक्रम कार्यविधि, २०८१ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

घ) भानु नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

ङ) भानु नगरपालिकाको अटो, रिक्सा/ईलेक्ट्रिक रिक्सा तथा टेम्पो रुट ईजाजत व्यवस्थापन कार्यविधि, २०८१ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

च) भानु नगरपालिकामा टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८१ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

कार्यपालिकाको निर्णय प्रमाणित गरिन्छ

२०८१।०६।२३

दिवाकर पौडेल

प्रमुख प्रशासकीय अधिकृत

२०८१।०६।२३

आनन्द राज त्रिपाठी

प्रमुख

निर्णय नं.५ भानु नगरपालिका नगरकार्यपालिकाको कार्यालय फुस्रेटार तनहुँ र तपसिल बमोजिमका निर्माण कम्पनी/फर्म बिच निम्नानुसारका ठेक्का नं अन्तरगतका निर्माण कार्य गर्ने गरी सम्झौता भएका योजनाहरुको यस कार्यालयबाट विभिन्न मितिमा लिखित, मौखिक तथा फोन सम्पर्क गर्दा समेत निर्माण कम्पनीबाट कुनै प्रतिक्रिया प्राप्त नभएको, कार्य प्रगति पटक पटक म्याद थप गर्दा पनि नभएको, कम्पनीको तर्फबाट अटेर गरी हाल सम्म पनि निर्माण कार्य सुचारु नगरेको सार्वजनिक खरिद ऐन, २०६३ तथा ठेक्का सम्झौताको सर्त निर्माण कम्पनीले पूरा नगरेको हुदाँ ७ दिने म्याद राखी स्पष्टिकरण पेश गर्ने सूचना प्रकाशित गर्दा समेत स्पष्टिकरण पेश नगरेको, आजको कार्य सुचारु गरी कार्य प्रगती नगरेकोले आजका मितिले ७ दिन भित्रमा कार्य सञ्चालन नगरेमा कार्य सम्पादन जमानत जफत गर्ने प्रयोजनका लागि बैंकलाई पत्राचार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल:

| क.स. | ठेक्का नं. | योजनाको नाम | सम्झौता मिति | निर्माण व्यवसायीको नाम र ठेगाना | सुरुको सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | पछिल्लो म्याद थप | कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|---|---|---|---|
| १ | BHMUN/ NCB/ROAD/ 2077/78/03 | Upgrading of Kalimati Manechauka Kunchha Motor Marga | 2078/01/10 | कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि., कलंकी - १४, काठमाडौं | 2079/01/09 | 2081/03/29 | 41,26,000 |
| २ | BHMUN/ NCB/ROAD/ 2077/78/05 | Upgrading of Ratmata Woda Karyalaya Raipali (Bhanu Marga) | 2078/01/10 | कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि., कलंकी - १४, काठमाडौं | 2079/01/09 | 2081/03/29 | 58,04,000 |

कार्यपालिकाको निर्णय प्रमाणित गरिन्छ
२०८१।०६।२३

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित
२०८१।०६।२३
अनिल राज तिवारी
प्रमुख

निर्णय नं.६ क) भू-उपयोग (पहिलो संशोधन) नियमावली, २०८० (४घ) "भु-उपयोग क्षेत्र वर्गिकरण भइ प्रत्येक कित्ताको विवरण तयार गर्ने क्रममा जग्गा वर्गिकरण गर्न छुट कित्ता र वर्गिकरण गरिएको भू-उपयोग क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गिकरण हुन गई त्रुटी हुन गएकोमा त्यस्तो त्रुटि संशोधनका लागि स्थानीय तहको सिफारिस सहित लेखी आएमा सोही बमोजिम संशोधन गरी कित्ताकाँट गर्नु पर्नेछ" भन्ने व्यवस्था भएको हुदाँ भु-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली २०७९ र भानु नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०७९ अनुसार भानु नगरापलिका क्षेत्र भित्र वर्गिकरण सहित छुट कित्ता जग्गा थप समावेश गरि सिफारिस सहित मालपोत कार्यालय तथा नापी कार्यालय तनहुँमा लेखी पठाउने निर्णय गरियो ।

ख) भु-उपयोग (पहिलो संशोधन) नियमावली, २०८० (४घ) "भु-उपयोग क्षेत्र वर्गिकरण भइ प्रत्येक कित्ताको विवरण तयार गर्ने क्रममा जग्गा वर्गिकरण गर्न छुट कित्ता र वर्गिकरण गरिएको भू-उपयोग क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गिकरण हुन गई त्रुटी हुन गएकोमा त्यस्तो त्रुटि संशोधनका लागि स्थानीय तहको सिफारिस सहित लेखी आएमा सोही बमोजिम संशोधन गरी कित्ताकाँट गर्नु पर्नेछ" भन्ने व्यवस्था भएको हुदाँ भु-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली २०७९ र भानु नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०७९ अनुसार भानु नगरापलिका क्षेत्र भित्र वर्गिकरण गरिएको भु-उपयोग क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गिकरण हुन गई त्रुटि हुन गएका त्यस्तो त्रुटि संशोधनको लागि सिफारिस सहित गण्डकी प्रदेश, पोखराको भु-उपयोग परिषदको सचिवालयमा लेखी पठाउने निर्णय गरियो। साथै भानु नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण कार्य सम्पन्न भएकोले सोको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.७ सडक बोर्ड नेपालले आ.व.२०८१/८२ का लागि सडक बोर्ड नियमावली, २०६० मा उल्लेखित मार्गदर्शन बमोजिम भानु नगरपालिकाले व्यहोर्नु पर्ने समपूरक कोष (Matching Fund) समेत समाबेश गरी वार्षिक कार्यक्रम स्वीकृत गरी सहमतीको लागि पेश गर्न मिति २०८१/०६/१३ गते यस नगरपालिकालाई पत्राचार भएकोमा सोही बमोजिम तपसिलमा उल्लेख भए बमोजिम सडक बोर्ड नेपालको रु.३८,००,०००। (अक्षेरुपी अठतिस लाख) र नगरपालिकाको समपुरक कोषबाट रु.१७,००,०००। (अक्षेरेपी सत्र लाख मात्र) गरी जम्मा रु.५५,००,०००। (अक्षरेपी पचपन्न लाख मात्र) बाट देहाय बमोजिमका कार्यक्रमहरु गर्ने निर्णय गरियो ।



दिवाकर पौडेल

आनन्द राज त्रिपाठी
प्रमुख

सडक बोर्ड नेपालको सोही पत्र अनुसार गत आ.व. मा कार्यसम्पन्न हुन नसकेको कार्यक्रम भानु मार्ग (बारीफाट चन्द्रवती खण्ड) मर्मत सम्भार र नारेश्वरटार मनकामना टोल बाहविसे मोटर मार्ग मर्मत सम्भारलाई पनि चालु आ.व. मा निरन्तरता दिई तपसिलमा रहेका कार्यक्रम स्वीकृती तथा कार्यान्वयन गर्न सहमतीको लागि सडक बोर्ड नेपाललाई पत्राचार गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | कार्यक्रमको नाम | सडक बोर्डले व्यहोर्ने बजेट | पालिकाले व्यहोर्ने बजेट | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | भानु मार्ग (बारीफौट चन्द्रवती खण्ड) मर्मत सम्भार भानु ५,६,१३ | २२,४०,००० | ९,६०,००० | ३२,००,००० | गत आ.व.मा काम हुन नसकि चालु आ.व.मा निरन्तरता दिने |
| २. | नारेश्वरटार मनकामना टोल बाहविसे मोटर मार्ग मर्मत सम्भार भानु २ | ३,५०,००० | १,५०,००० | ५,००,००० | गत आ.व.मा काम हुन नसकि चालु आ.व.मा निरन्तरता दिने |
| ३. | पाउदी हुदै दुधेकुना खोल्सी जाने बाटो | २,१०,००० | ९०,००० | ३,००,००० | |
| ४. | सुन्दर बजार हुदैं मानेचौका जोड्ने सडक मर्मत | ३,५०,००० | १,५०,००० | ५,००,००० | |
| ५. | भानु न.पा. वडा नं४ वडा कार्यालय जोड्ने सडक मर्मत | ३,५०,००० | १,५०,००० | ५,००,००० | |
| ६. | तुरतुरे तल्लो बजार मर्मत संभार | ३,००,००० | २,००,००० | ५,००,००० | |
| | जम्मा | ३८,००,००० | १७,००,००० | ५५,००,००० | |

कार्यपालिकाको निर्णय प्रमाणित गरिएको

दिवाकर पौडेल

आनन्द राज त्रिपाठी
प्रमुख

निर्णय नं.८ भानु नगरपालिका वडा नं.१ साजबोटे स्थित चुँदी खोला मोटर पूल छेउमा बहुउद्देश्यीय व्यवसायिक सटरहरु निर्माण गरि आयमूलक आयोजना सञ्चालन एंव बजार व्यवस्थापनका लागि विस्तृत परियोजना तयार गरी नगर विकास कोषसँग ऋण अनुदान माग गर्ने निर्णय गरियो ।साथै उक्त स्थानको सार्वजनिक जग्गा भएको हुदाँ उक्त जग्गा प्राप्तीका लागि जिल्ला प्रशासन कार्यालयमा आवश्यक प्रक्रिया अगाडि बढाईदिनका लागि लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं.९ आ.व.०८१/०८२ को चौमासिक आम्दानी, खर्च, योजना तथा कार्यक्रमको प्रगती सार्वजनिक गरी समीक्षा गरियो ।

क)

| विवरण | | |
|---|---|---|
| आन्तरिक आय | पूँजीगत बजेट | चालु बजेट |
| रु.७३,४५,७६९। | रु.२६,३०,०७,६४१। | रु.६४,६८,२३,७००। |
| खर्च | रु.१,७४,०५,८७९। | रु.१५,२७,०४,३०८। |
| प्रतिशत | ६.६२.% | २३.६१% |

- साथै आ.व.२०८१/०८२ को जम्मा योजना तथा कार्यक्रम ५७६
- सम्झौता भएका योजना ३४ वटा
- सम्पन्न भएका योजना ६ वटा
- चालु प्रकृतीका कार्यक्रमको भुक्तानी २६ ।

निर्णय नं.१० बालमैत्री स्थानीय शासन Child Friendly Local Governance कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी नगरपालिकालाई बालमैत्री घोषणाका लागि कार्य योजना निर्माण कार्य गर्न आवश्यक परेकोले बालमैत्री स्थानीय शासन योजना निर्माणका लागि प्रस्ताव आवह्यान गर्ने निर्णय गरियो ।

आनन्द राज त्रिपाठी
प्रमुख

पौडेल

<u>निर्णय नं.११ विविध विषय सम्बन्धमाः</u>

क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.९८, मिति २०८१/०६/१४ गतेको पत्रानुसार सार्वजनिक कोषको दुरुपयोग तथा गलत परिपाटी अब उप्रान्त कुनै पनि स्थानीय तहमा गर्न/गराउन नपाईने सुझाव र च.नं.१०१, मिति २०८१/०६/१८ गतेको पत्रानुसार स्थानीय तहले सार्वजनिक खरिद ऐन, नियमको पूर्णपालना गर्नुपर्ने सुझाव कार्यान्वयन गरिएको र अवका दिनहरुमा पनि उक्त सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) यस नगरपालिकामा सि.अ.हे.व. पदमा कार्यरत श्री दिपु गुरुङ्ग प्रमाणपत्र तह जनरल मेडिसिन अध्ययन गर्न असाधारण विदाको लागि मिति २०८१/०७/२६ गते निवेदन दिनु भएकोमा स्वास्थ्य सेवा नियमावली, २०५५ को दफा ५४(१) तथा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ११७(३) ख बमोजिम निज दिपु गुरुङ्गलाई निजी प्रयासमा अध्ययन गर्न १ एक वर्षका लागि असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

ग) उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश र भानु नगरकार्यपालिका बिच खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH PLAN) तयारी र कार्यान्वयनका लागि गरिएको समझदारी पत्र अनुसार तथ्याङ्क संकलनको कार्यक्षेत्र (Term of Refrence) बमोजिमको एकिकृत तथ्याङ्क संकलन गर्ने कार्य गर्न नगरकार्यपालिकाको कार्यालयमा कार्यरत सिभिल ईन्जिनियरिङ्ग प्राविधिक परिचालन गर्ने एंव उक्त WASH योजना तयारीका लागि उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेशसँग साझेदारी गर्ने तथा तथ्याङ्क संकलनका लागि भानु नगरपालिकाका प्राविधिक कर्मचारीहरु परिचालन गर्ने र तथ्याङ्क संकलन गरेका प्राविधिक कर्मचारीलाई उपयुक्त शीर्षकबाट प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

घ) आ.व.२०८१/०८२ मा राष्ट्रिय शिक्षा दिवश, विज्ञान दिवश समारोह तथा शिक्षक कर्मचारी प्रोत्साहन कार्यक्रमका लागि प्रमाणपत्रको फ्रेम, व्यानर प्लेक्स, १२० वटा विर्के टोपी खरिद गर्दा खर्च भएको रकम रु.९९,९५०। कार्यक्रम खर्च चालु शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

ङ) भानु नगरपालिकाका डिजिटल नागरिक वडापत्र जडान नगरिएका ७ सात वटै वडा कार्यालयहरुमा वडा कार्यालय भवनमा परामर्श सेवामा विनियोजन भएको रकम रु.२० लाखमा नबढ्ने गरी डिजिटल नागरिक वडापत्र जडान तथा सञ्चालन कार्य गर्ने निर्णय गरियो।

च) भानु नगरपालिकालाई कुनै पनि किसिमको आर्थिक भार नपर्ने गरी वडा नं.१० का श्री चन्द्रकान्ता लौडारीलाई सांस्कृतिक र आर्थिक विज्ञ र भानु नगरपालिका वडा नं.१२ का अमित अधिकारीलाई सञ्चार विज्ञ तोक्ने निर्णय गरियो ।



आनन्द राज त्रिपाठी
प्रमुख

छ) स्थानीय पूर्वाधार विभाग, झोलुङ्गे पुल शाखाको च.नं.९५, मिति २०८१/०७/०८ गतेको पत्रद्वारा माग भए तपसिल बमोजिम झोलुङ्गे पुलको विवरण पठाउने निर्णय गरियो ।

तपसिलः

| प्राथमिकता नं. | जिल्ला | पालिका | वडा नं. | स्थान | खोलाको नाम | झो.पु.को नाम | अनुमानित लम्बाई(मि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| $P_1$ | तनहुँ | भानु | १२ | घलेछाप अर्चले | सिम्ले | घलेछाप अर्चले हुदैं चिप्लेटी झो.पु. | १०० मि | |
| $P_1$ | तनहुँ | भानु | १२,१३ | सम्जुर | भ्याकुरे | भानु १३ सम्जुरबाट भानु १२ मिर्लुङ जोड्ने झो.पु. | ३००० मि. | |
| $P_1$ | तनहुँ | भानु | ८,१० | शंखेढुगा | मर्स्याङदी खोला | शंखेढुगा मर्स्याङदी खोला भानु २ र पालुङटार गोरखा जोड्ने झो.पु. | ३०० मि | |
| $P_1$ | तनहुँ | भानु | १० | रयले | मर्स्याङदी खोला | भानु १० रयलेबाट राइनास ८ वृद्धाश्रम जोड्ने झो.पु. | ३०० मि | |
| $P_1$ | तनहुँ | भानु | ७,८ | बलिफाँट | मर्स्याङदी खोला | बलिफाँट भानु ८ पालुङटार गोरखा जोडने झो.पु. | ४०० मि | |
| $P_1$ | तनहुँ | भानु | ४,७,८ | चिसापानी अँपिको रह | फाउदी खोला | चिसापानी अँपिको रह ४,७,८ जोड्ने झो.पु. | १०० मि | |
| $P_1$ | तनहुँ | भानु | ९ | संग्राले बगर | मर्स्याङदी खोला | संग्राले बगर धमिलि कुवा जोड्ने झो.पु. | ३०० मि | |
| $P_1$ | तनहुँ | भानु | | पण्डितथरबाट | चुँदी खोला | पण्डितथरबाट भानु ६ कालिका प्रा.वि. | १५० मि. | |
| $P_2$ | तनहुँ | भानु | १२ | गजरखोट | गजरकोट करस्याङ्दी | गजरकोट खोला झो.पु. | ३०० मि | |
| $P_2$ | तनहुँ | भानु | १० | कुसुन्डे | चितिखोला | कुसुन्डेवाट हतिया भानु १० झो.पु. | २५० मि. | |
| $P_2$ | तनहुँ | भानु | १० | दुधेकुना | चितिखोला | भानु १० दुधेकुनाबाट सुन्दरबजार जोड्ने झो.पु. | ३०० मि. | |
| $P_2$ | तनहुँ | भानु | १२ | कालमोडा | राङगुवा | कालमोडा जउबारी झो.पु. | ५० मि | |

आनन्द राज त्रिपाठी
प्रमुख

ञ) भानु नगरपालिका नगरकार्यपालिकाको कार्यालय, फुस्रेटार तनहुँ र श्री के. एण्ड स. लावाङ -जे.भी, डल्लु-१५, काठमाडौं बिच मिति २०८०/११/२३ मा ठेक्का सम्झौता भएको ठेक्का नं. BHMUN/NCB/ROAD/2080/81/05 अन्तर्गत भानु जन्मस्थल मोटर मार्ग स्तरोन्नती फेज ॥ (Upgrading of Bhanu Janmasthal Motor Marga Phase III) योजनाको निर्माण कार्यको सम्बन्धमा मिति २०८१/०२/२७ मा भेरियशन आदेश स्वीकृत भई निर्माण कार्य गरेकोमा मिति २०८१/०३/१५ देखि २०८१/०३/१७ सम्म आएको अविरल वर्षाका कारण मेसिनरि वाल, नाली र ग्यावियन जालीमा समेत क्षति पुगेको र उक्त स्थानमा पुनः संरचना निर्माण गर्नुपर्ने देखिएकोले मेसिनरि वालको सट्टा ग्यावियन जाली लगाउन उपयुक्त देखिएकोले सोही बमोजिम लागत अनुमान तयार गरी पुनः भेरियशन आदेश स्वीकृत गरि कार्य अगाडि बढाउन श्री के. एण्ड स. लावाङ -जे.भी, डल्लु-१५, लाई पत्राचार गर्ने निर्णय गरियो ।

झ) भानु नगरपालिकामा नगरपालिका भित्र र बाहिरका विभिन्न क्षेत्रबाट आर्थिक सहायताको लागि परेका निवेदन उपर छलफल गर्दा तपसिल बमोजिमका व्यक्ति, संस्था, कार्यक्रमकलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | नाम | रकम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सितोरियो करौंते, एसोशियसन, तनहुँ, नेपाल | ३०,०००। | विविध खेलकुद | आर्थिक सहायता |
| २. | भेडिखर्क महिला स्मृती प्रतिष्ठान, सुन्दरबजार, लमजुङ | २५,०००। | कार्यक्रम खर्च चालु | आर्थिक सहायता |
| ३. | लक्ष्मी कृषी फर्म, भानु १३ | ३०,०००। | कार्यक्रम खर्च चालु | आर्थिक सहायता |
| ४. | चाम्बास युवा क्लव, भानु ३ | ३०,०००। | विविध खेलकुद | आर्थिक सहायता |
| ५. | तमु धि समाज | ३०,०००। | कार्यक्रम खर्च चालु | आर्थिक सहायता |

२०८१/०८/२३

आनन्द राज त्रिपाठी
प्रमुख

कार्यपालिकाको प्रमाणित

२०८१/०८/२३

पौडेल

ञ) भानु नगरपालिका क्षेत्र भित्र विभिन्न प्रकृतिका विपद्का कारण क्षति भएका व्यक्तिहरुबाट प्राप्त निवेदनहरु विपद् व्यवस्थापन समितिबाट छानविन गरी नगरकार्यपालिकामा सिफारिस गरिएका तपसिल बमोजिमका व्यक्ति/संस्थालाई निम्न बमोजिमको राहत रकम उपलब्ध गराउने निर्णय गरियो । साथै आवश्यक सम्पूर्ण कागजात प्राप्त नभएका निवेदनका हकमा कागजात प्राप्त भएपछि विपद् व्यवस्थापन समितिको निर्णय अनुसारको राहत रकम उपलब्ध गराउने समेत निर्णय गरियो।

तपसिलः

२०८१/५/१७ सम्म विपत घतना घटि राहतका लागि परेका निवेदन, भएको क्षती र राहत रकमको विवरण

| क्रं.सं. | ठेगाना (वडा नं) | निवेदकको नाम | विपद्को प्रकृति | विषय (छोटकरीमा ) | अन्तिम निर्णय (सारांस) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | जिन्सी | नगद | |
| १ | १ | भन्सार प्रहरि चौकी | वर्षात | वर्षातको समयमा पानि चुईने हुदाँ जस्ता सबै नयाँ छाउन पर्ने | | ३०,००० | |
| २ | १ | मैते गुरुङ | पहिरो | घर छेउमा पहिरो गई घर जोखिममा परेको | | २०,००० | |
| ३ | १ | रत्नमान तामाङ | पहिरो | पहिरो गई ५ रोपनि पाखोबारिमा १०० देखि १२० वटा केराको बोटलाफई क्षेति र ईनार बाट पानि तान्ने मोटर समेत बगाएको कारण अन्दाजि २,००,००० को क्षेति | | १५,००० | |
| ४ | १ | नरिन्द्र कुमारि धिताल | पहिरो | घर छेउमा पहिरो गई घरमा बस्न समेत डर भएको | | २५,००० | |
| | | | | | | | |
| ५ | २ | सन्दिप साहि | वर्षात | वर्षातको कारण निजको ढुङ्गा,माटो,जस्ता र खरले बनेको घरमा आंशिक क्षेति पुगेको | | ३०,००० | |
| ६ | २ | बिना कुमाल श्रेष्ठ | पहिरो | अविरल वर्षाको कारणले नजिको घरको गारो चिरिन गई घर उच्च जोखिममा | | २५,००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ३ | फुल बहादुर तामाङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले नजिको घर अगाडि पहिरो गई घर उच्च जोखिममा | | ३०,००० | |
| ८ | ३ | डिल माया कामि | बाढि/पहिरो | अविरल वर्षाको कारणले नजिको घर अगाडि पहिरो गई घर उच्च जोखिममा | | २०,००० | |
| ९ | ३ | विष्णु माया तामाङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले नजिको घर अगाडि पहिरो गई घरनै पुर्ण क्षेति हुन सक्ने सम्भावना | | ३०,००० | |
| १० | ३ | बेल बहादुर तामाङ(तुर्लुकोट सामाजिक गुठि भवन) | बाढि/पहिरो | अविरल वर्षाको कारणले भवनको अगाडि पहिरो गई भवननै उच्च जोखिममा | | ३०,००० | |
| ११ | ३ | सुक माया तामाङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले नजिको घर अगाडि पहिरो गई घरनै पुर्ण क्षेति हुन सक्ने सम्भावना | | १५,००० | |
| १२ | ३ | सुनिल राना | बाढि/पहिरो | अविरल वर्षाको कारणले नजिकैको खहरे खोला र बजारको भलले घरको तल्लो हिस्सा पहिरो गई घर उच्च जोखिममा | | ३०,००० | |
| १३ | ३ | राकेश गुरुङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई घरको भन्छा कोठा क्षति एवं घर उच्च जोखिममा | | ३०,००० | |
| १४ | ३ | जनक कुवौर | बाढि/पहिरो | पहिरोमा परि मरेको | | २५,००० | |
| १५ | ३ | लक्ष्मी गुरुङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई घरनै उच्च जोखिममा | | ३०,००० | |
| १६ | ३ | मिठु सुब्बा | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई घरनै उच्च जोखिममा | | ३०,००० | |
| १७ | ३ | विना गुरुङ्ग | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई निजको घडेरि पुर्ण रुपमा क्षेति पुगेको | | २०,००० | |

नगर कार्यपालिकाको कार्यालय आबु नगरपालिका पुरेटार, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३



२०७९/०८/२३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | ४ | रीना घर्ति | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई घरनै उच्च जोखिममा | | ३०,००० | |
| १९ | ४ | नव्यु माया कुमाल | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई घरनै उच्च जोखिममा | | २५,००० | |
| २० | ४ | रुप बहादुर राना (राना गाउँ आधारभुत स्वास्थ्य सेवा केन्द्र) | बाढि/पहिरो | अविरल वर्षाको कारणले राना गाउँ आधारभुत स्वास्थ्य सेवा केन्द्रका भवनको उत्तर पट्टिको जमिनको भाग पहिरो गई भवन उच्च जोखिममा रहेको | | ३०,००० | |
| २१ | ४ | बिमला परियार | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई घर भान्सा उच्च जोखिममा | | ३०,००० | |
| २२ | ४ | बुद्दि माया तामाङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई घरनै उच्च जोखिममा | | ३०,००० | |
| २३ | ४ | कुम माया तामाङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई घरनै उच्च जोखिममा | | ३०,००० | |
| २४ | ४ | समसेर बहादुर थापा | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई निजको खेत बाधँ कुलो पहिरोले पुर्ण रुपमा क्षेति पुगेको | | २०,००० | |
| २५ | ४ | गणेश राना | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई निजको खेत बाधँ कुलो पहिरोले पुर्ण रुपमा क्षेति पुगेको | | २०,००० | |
| २६ | ४ | लक्ष्मी राउत बोहोरा | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई घर र गोठ उच्च जोखिममा | | ३०,००० | |
| २७ | ४ | अनिता कुमाल | बाढि/पहिरो | अविरल वर्षाको कारणले घडेरि पहिरो गई पुर्ण क्षेति | | २५,००० | |



आनन्द राज त्रिपाठी
प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | ५ | निर बहादुर खवास | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घर अगाडि पहिरो गई निजको घर पुर्ण रुपमा क्षेति हुने डर भएको | | ३०,००० | |
| २९ | ५ | माया थापा मगर | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घर अगाडि पहिरो गई निजको घर पुर्ण रुपमा क्षेति हुने डर भएको | | ३०,००० | |
| ३० | ५ | विष्णु बहादुर घर्ति | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई निजको धन्सार पहिरिएर पुर्ण रुपमा क्षेति भएको | | २०,००० | |
| | | | | | | | |
| ३१ | ६ | धारापानि खानेपानि तथा सरसफाई उपभोक्ता समुह | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई खानेपानिको पाईप क्षेति | | १५,००० | |
| ३२ | ६ | कुमार अछामी | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घर अगाडि पहिरो गई निजको घर पुर्ण रुपमा क्षेति हुने डर भएको शौचालय पुर्ण क्षेति | | २५,००० | |
| ३३ | ६ | लिल बहादुर थापा | बाढि/पहिरो | बढि पहिरोले क्षेति | | २०,००० | |
| ३४ | ६ | जेष्ठ नागरिक आरम स्थल | बाढि/पहिरो | बढि पहिरोले क्षेति | | ३०,००० | |
| | | | | | | | |
| ३५ | ७ | बुद्धि बहादुर नेपालि | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई निजको धन्सार पहिरिएर पुर्ण रुपमा क्षेति भएको | | २०,००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६ | ८ | विनोद खतिवडा | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घरको पर्खाल भत्किन गई घर उच्च जोखिममा | | २०,००० | |
| ३७ | ८ | मुरारि सुनार | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घर गोठ आँगनमा धाँजो फाटिन गई उक्त स्थानमा फेरि भत्किएमा घरनै पुर्ण क्षेति हुने डर भएको | | २०,००० | |
| ३८ | ८ | बल बहादुर खत्रि | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घर गोठ आँगनमा धाँजो फाटिन गई उक्त स्थानमा फेरि भत्किएमा घरनै पुर्ण क्षेति हुने डर भएको | | ३०,००० | |
| ३९ | ८ | वडा नं ८ को कार्यलय | हावाहुरि | हावाहुरिको कारण रुख ढलि बाटो अवरुद्द | | १५,००० | |
| ४० | ८ | तुलसि तामाङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घरमा क्षेति पुगेको | | ३०,००० | |
| ४१ | ८ | अनिल तामाङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घरमा क्षेति पुगेको | | ३०,००० | |
| ४२ | ८ | विराज गुरुङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घरमा क्षेति पुगेको | | ३०,००० | |
| | | | | | | | |
| ४३ | ९ | टक माया तामाङ गुरुङ | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घरको आगन पहिरिन गई घर उच्च जोखिममा | | ३०,००० | |
| ४४ | ९ | सिता श्रेष्ठ | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घरको आगन पहिरिन गई घर उच्च जोखिममा | | ३०,००० | |
| ४५ | ९ | कोपिला परियार | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घरको आगन पहिरिन गई घर उच्च जोखिममा | | २५,००० | |



आनन्द राज त्रिपाठी
प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४६ | १० | गनेश प्रसाद मिश्र | वर्षात | वर्षातको कारण घर चर्केको | | | १५,००० | |
| ४७ | १० | दमिनि नेपालि | वर्षात | वर्षातको कारण घर चिरिंदै गएको | | | १०,००० | |
| ४८ | १० | हर्क बहादुर गुरुङ | वर्षात | वर्षातको कारण घर चर्केको | | | ५,००० | |
| ४९ | १० | सुभाश तामाङ | वर्षात | वर्षातको कारण घर चर्केको | | | ५,००० | |
| | | | | | | | | |
| ५० | ११ | कृष्ण बहादुर भुजेल | बाढि/पहिरो | पहिरो गई घर जोखिममा | | | २०,००० | |
| ५१ | ११ | श्री राष्ट्रिय मा.वि मयाखुँ | हावाहुरि | हावाहुरिको कारण जस्ता उडाएको | | | ३०,००० | |
| ५२ | ११ | उर्मिला नेपालि | बाढि/पहिरो | पहिरो गई घर जोखिममा | | | ३०,००० | |
| ५३ | ११ | बाबुराम केसि | आगोलागि | घरमा आगोलागि भएको | | | ३०,००० | |
| ५४ | ११ | नस्थ बहादुर सार्कि | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घर पुर्ण क्षेति | | | ३०,००० | |
| | | | | | | | | |
| ५५ | १२ | चुर्दि बहुउदेश्य कृषि फर्म | अन्य | अचानक माछा मर्न गएको | | | ३०,००० | |
| ५६ | १२ | कृष्ण खत्रि | बाढि/पहिरो | अविरल वर्षाको कारणले निजको घर उच्च जोखिममा | | | ३०,००० | |
| ५७ | १२ | हरि बहादुर अधिकारी | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई खानेपानिको पाईप क्षेति | | | १५,००० | |
| ५८ | १२ | पुर्ण बहादुर सार्कि | डुवान | खोलामा डुबि मरेको र पोसमाटम गरेको | | | २५,००० | |
| | | | | | | | | |
| ५९ | १३ | शिखाको चौतारा स्थित मार्ग | बाढि/पहिरो | पहिरोले बाटो अवरुद्द | | | १०,००० | |
| ६० | १३ | जनसामुदायिक मोटर मार्ग | बाढि/पहिरो | पहिरोले बाटो अवरुद्द | | | ३०,००० | |
| ६१ | १३ | रमेश थापा | बाढि/पहिरो | अविरल वर्षाको कारणले पहिरो गई खानेपानिको पाईप क्षेति | | | १०,००० | |
| ६२ | १३ | कृष्ण प्रसाद पौडेल | बाढि/पहिरो | ठाटिंमा उच्च जोखिम | | | २०,००० | |
| ६३ | | GAA०३८४ | | विपद्मा प्रयोग गर्दा | | | ३०,००० | |
| ६४ | | ग १ झ २८३ | | विपद्मा प्रयोग गर्दा | | | ३०,००० | |
| | | | | कुल | | | १५,६०,००० | |

आनन्द राज त्रिपाठी
प्रमुख

ट) रामेछाप जिल्ला दोरम्बा गाउँपालिका वडा नं.२ हाल अष्ट्रेलियाको Melbourne शहरमा बस्ने नेपाली वासी दान बहादुर घिसिङ (D.N.) लाई भानु नगरपालिकाको सद्भावना दुतको रुपमा नियुक्त गर्ने निर्णय गरियो ।

ठ) भानु नगरपालिका वडा नं.४ मा रहेको नेपाल संस्कृत विश्व विद्यालय अन्तर्गत भानु संस्कृत विधा पिठ चुँदी रम्घा तनहुँको चुँदी रम्घा बेसी स्थित साविक दोरदोर ३/क नक्सा अन्तर्गत रहेको भवन तथा जग्गाहरु भानु नगरपालिका प्रयोजनर्थ भोकाधिकारका लागि अनुरोध गर्ने निर्णय गरियो ।

दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख